नेपाल सरकार
# शहरी विकास मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाण्डौं, नेपाल ।

## प्रेस विज्ञप्ति

जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेका नागरिकहरूलाई सुरक्षित स्थानमा व्यवस्थित रूपमा स्थानान्तरण तथा व्यवस्थापन गर्ने कार्य निरन्तर रूपमा अघि बढिरहेको छ ।

सहारा नभएका तथा वास्तविक समस्यामा रहेका नागरिकहरूका लागि सरकारले अर्को व्यवस्था नभएसम्म होटेल तथा लजमा बस्ने, खाने लगायतका आधारभूत सुविधाहरूको व्यवस्था मिलाएको छ ।

सहारा अभावका कारण अलमलमा परेका नागरिकहरूले कार्यक्षेत्रमा खटिएका प्रहरीसँग सम्पर्क गरी आवश्यक सहयोग लिन सक्नुहुनेछ । साथै, तपाईंहरूको सामान ढुवानीसहित प्रहरीद्वारा त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा सहज रूपमा पुऱ्याउने व्यवस्था गरिएको छ ।

तपाईंहरूको सामानको सुरक्षित व्यवस्थापन गरिनेछ । रङ्गशालामा अभिलेख राखेपछि सम्बन्धित लज तथा होटेलमा बसोबासको व्यवस्था मिलाइएको छ ।

मितिः २०८३/०१/१३

- शहरी विकास मन्त्रालय

फोन: ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेल: info@moud.gov.np, वेबसाइट: www.moud.gov.np